# ‘राजनीतिलाई आम्दानीको स्रोत बनाउनु हुँदैन’



**लक्ष्मण पौडेल**
*भैरहवा, चैत २० गते*

बुटवल उपमहानगरपालिका–११ की ५० वर्षीय मञ्जु ज्ञवाली भुसालका लागि राजनीति नौलो होइन। राजनीति उहाँले पारिवारिक विरासतमै पाउनुभएको हो। अर्घाखाँचीको साबिक चिदीका गाविस अर्थात् हालको छत्रदेव गाउँपालिकामा जन्मिनुभएकी मञ्जुको बाल्यकाल नै राजनीतिक दस्तावेज र सामाजिक सेवा चर्चाहरूको बिचमा बित्यो। राजनीतिक माहोलमै हुर्केकी भुसाल यतिबेला राजनीतिमा थप सक्रिय हुनुभएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट समानुपातिकतर्फ प्रतिनिधि सभा सदस्य भएसँगै उहाँको राजनीतिक जीवनमा नयाँ अध्याय थपिएको छ।

व्यवस्थापन सङ्कायमा १२ कक्षासम्म अध्ययन गर्नुभएकी मञ्जुको राजनीतिक जग कति बलियो छ भन्ने कुरा पारिवारिक इतिहासले बताउँछ। उहाँका हजुरबुवा मानबहादुर ज्ञवाली २०२२ सालअगावै अञ्चलाधीश हुनुहुन्थ्यो। अझ रोचक त के छ भने, उहाँका दुई हजुरआमाहरू गीतादेवी ज्ञवाली र हिरादेवी ज्ञवालीले क्रमशः गुल्मी र अर्घाखाँचीमा प्रधानपञ्चका रूपमा नेतृत्व समाल्नुभएको थियो। बुवा मेघनाथ ज्ञवाली पनि बहुदलपछि गाविस उपाध्यक्ष हुनुभयो।

महिलाले घरको चौघेरा नाघ्न मुस्किल हुने त्यो समयमा दुई/दुई जना हजुरआमाले गाउँको नेतृत्व गरेको देख्दा मञ्जुमा बाल्यकालमै एउटा हुटहुटी जाग्यो, “मैले किन नेतृत्व नगर्ने ?” त्यही हुटहुटीले उहाँलाई ११ वर्षकै उमेरमा राष्ट्रियता र सामाजिक उत्तरदायित्वका विषयमा घोत्लिन बाध्य बनायो।

**हाम्रा विधायक**

**सङ्क्षिप्त चिनारी**

| | |
|---|---|
| **नाम** | : मञ्जु ज्ञवाली भुसाल |
| **जन्मस्थान** | : छत्रदेव गाउँपालिका–१, अर्घाखाँची |
| **उमेर** | : ५० वर्ष |
| **शिक्षा** | : प्रवीणता प्रमाणपत्र |
| **पार्टी** | : राष्ट्रिय स्वतन्त्र पार्टी |

मञ्जुको राजनीतिक यात्रा कुनै एउटा दलमा मात्र सीमित रहेन। २०५१ सालमा नेपाली कांग्रेसको भातृ सङ्गठन नेपाल विद्यार्थी सङ्घबाट राजनीति सुरु गरेकी मन्जुले तरुण दल र कांग्रेसको गाउँ सचिवसम्मको जिम्मेवारी समाल्नुभयो। समाज परिवर्तनको तीव्र वेग खोजिरहेकी मञ्जु २०५९/६० तिर तत्कालीन नेकपा (माओवादी) जनयुद्धको प्रभाव र पारिवारिक निकटताका कारण वामपन्थी राजनीतिमा होमिनुभयो।

समयको अन्तरालसँगै नेकपा (एमाले) हुँदै जेनजी आन्दोलनपछि उहाँले एमाले परित्याग गर्नुभयो। निर्वाचनको दुई महिनाअघि मात्र रास्वपा प्रवेश गर्ने निर्णय गर्नुभयो। उहाँको छोटो तर अर्थपूर्ण निर्णयले उहाँलाई देशको नीति निर्माण गर्ने थलो संसद्मा पुऱ्याएको छ। मञ्जु केवल राजनीतिज्ञ मात्र हनुहुन्न, एक सफल व्यवसायी र सामाजिक अभियन्ता पनि हुनुहुन्छ। उहाँ नेपालका ७७ जिल्लामध्ये निर्माण व्यवसायी सङ्घ रुपन्देहीको जिल्ला अध्यक्ष बन्ने एक मात्र महिला पनि हुनुहुन्छ। जेसिज, घरेलु तथा साना उद्योग महासङ्घ, र ट्रक व्यवसायी समिति जस्ता दर्जनौं संस्थामा उहाँले नेतृत्वदायी भूमिका निर्वाह गरिसक्नुभएको छ।

उहाँ भन्नुहुन्छ, “मेरो परिवारले राजनीति गर्दा धेरै धनसम्पत्ति सिध्यायो। त्यसैले म राजनीतिलाई आम्दानीको स्रोत बनाउनु हुँदैन भन्ने मान्यता राख्छु। राजनीति सेवा हो र जीविकोपार्जनका लागि पेसा व्यवसाय अनिवार्य छ।” सांसदको शपथ लिएसँगै मञ्जुका काँधमा नयाँ जिम्मेवारी थपिएका छन्। उहाँ विशेष गरी नयाँ पुस्ता अर्थात् जेनजीका सपना पूरा गर्न प्रतिबद्ध देखिनुहुन्छ। उहाँ दृढताका साथ भन्नुहुन्छ, “आजको युवापुस्ताले खोजेको परिवर्तन, रोजगारी र भ्रष्टाचारमुक्त समाज नै मेरो पहिलो प्राथमिकता हो।”

रुपन्देहीको जटिल सुकुमवासी समस्या समाधान, निर्माण क्षेत्रका नीतिगत अप्ठ्यारा हटाउने र अर्घाखाँची, गुल्मी तथा रुपन्देहीको विकासका पूर्वाधारमा विशेष ध्यान दिने उहाँको सङ्कल्प छ। श्रीमान् नारायणप्रसाद भुसालको निरन्तर साथ पाउनुभएकी मञ्जु अब संसद्को रोस्टमबाट नागरिकका आवाज बुलन्द पार्न तयार हुनुहुन्छ। उहाँ भन्नुहुन्छ, “मैले सामाजिक अभियन्ताका रूपमा नागरिकसँगै रहेर उठाएका आवाज अब संसद्को रोस्टमबाट उठाउँछु र मतदाताको आवाज बोल्ने छु।”

# ‘सहकारी सर्वसाधारणको सारथि बनेको छ’

**दाङ समाचारदाता**
*दाङ, चैत २० गते*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सहकारी क्षेत्रलाई भरोसायोग्य बनाउन जरुरी रहेको बताउनुभएको छ। ६९ औँ राष्ट्रिय सहकारी दिवसको अवसरमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले राप्ती उपत्यका (देउखुरी) मा शुक्रबार आयोजना गरेको उत्कृष्ट सहकारी संस्था पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले सहकारी क्षेत्रलाई भरोसायोग्य बनाउन जरुरी रहेको बताउनुभएको हो।

उहाँले नियत खराब राखेर सहकारी संस्था सञ्चालन गरेका केही सहकारीका कारण सहकारी क्षेत्र बदनाम भइरहेको भन्दै त्यस्ता संस्थालाई नियमन गर्ने काम भइरहेको स्पष्ट पार्नुभयो।

“गलत उद्देश्य बोकेर आएका सहकारीले गर्दा सहकारी क्षेत्र अहिले कता कता शङ्काको घेराभित्र पर्न गइरहेको उहाँले बताउनुभयो। मुख्यमन्त्री आचार्यले सहकारी संस्था सर्वसाधारण नागरिकको सारथी बनेकोमा खुसी व्यक्त गर्दै भन्नुभयो, “सहकारी सर्वसाधारणको सारथी बनेको छ। साहुमहाजनको घरमा ऋणका लागि धाउनु परेको छैन। सानातिना व्यवहारहरू सहकारीका माध्यमबाट समाधान भइरहेका छन्।”

प्रदेश सरकारले ल्याउने बजेट बराबरको पुँजी सहकारीको माध्यमबाट परिचालन भइरहेको बताउँदै उहाँले प्रदेशको समृद्धिमा सहकारीले योगदान पुऱ्याएको बताउनुभयो। प्रदेश सरकारले ‘उद्यमशीलता र पारदर्शिता : सहकारीको प्राथमिकता’ मुख्य नारासहित दिवस मनाएको हो। कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले सहकारी संस्थाको कामप्रति प्रोत्साहन र नियमन दुवै दृष्टिकोणबाट काम अघि बढाइएको जानकारी दिनुभयो। सहकारी क्षेत्रलाई व्यवस्थित बनाउन प्रदेश र स्थानीय तहमा रहेका सहकारीलाई समेत ध्यानमा राखेर काम भइरहेको उहाँको भनाइ थियो।



**कार्यक्रममा बोल्नुहुँदै लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्य ।**

प्रमुख सचिव कृष्णप्रसाद काप्रीले राम्रा असल अभ्यासलाई सिकाइका रूपमा लिँदै समस्या नआओस् भन्नेमा सचेत हुनुपर्ने बताउनुभयो। उहाँले तीन तहका संरचना रहेको र एकीकृत रूपमा काम गर्ने परिपाटीको विकास गर्न जरुरी रहेको बताउनुभयो। कार्यक्रममा मन्त्रालयका प्रशासन तथा सहकारी विकास महाशाखाका उपसचिव मञ्जु पाण्डेले सहकारी क्षेत्रमा देखिएका समस्या समाधान हुँदै गइरहेको बताउनुभयो। उहाँले प्रदेशमातहतमा ८४८ सहकारी संस्था रहेको र ती संस्थाको अनुगमन तथा नियमनको पक्षलाई व्यवस्थित बनाइएको स्पष्ट पार्नुभयो।

अघिल्लो आव २०८१/८२ र चालु आव २०८२/८३ को तुलना गर्दा चालु आवमा सहकारी संस्था परिचालनको काम प्रभावकारी बनेको जानकारी गराइएको थियो। प्रदेशका बहुउद्देश्यीय, बचत तथा ऋण र उत्पादन गरी ३३ वटा सहकारी संस्थाका समस्याबारे सहकारी रजिस्ट्रारको कार्यालयमा उजुरी प्राप्त भएका छन्। समस्या समाधानका लागि आठ वटा सहकारीविरुद्ध अदालतमा मुद्दा दायर भई कारबाही अगाडि बढेको छ। दुवै पक्षलाई राखेर छलफल गरी बचत फिर्ताका लागि सात वटा सहकारीसँग सम्झौता गराइएको छ भने १२ वटा सहकारीलाई थप अनुसन्धान तथा कारबाहीका लागि प्रहरीमा पठाइएको छ।

तीन वटा सहकारी संस्थाको अदालतबाट मुद्दा फैसला भई रकम असुलीको प्रक्रिया अगाडि बढेको छ भने तीन वटा सहकारी संस्थाका सञ्चालक समितिको निवेदनपछि अध्ययन गरी प्रतिवेदन प्राप्त भएको जानकारी गराइएको छ।

# ‘सांस्कृतिक डबली’ हस्तान्तरण

**तानसेन समाचारदाता**
*तानसेन, चैत २० गते*

निर्माणसम्पन्न भएको साढे दुई वर्षपछि ‘सांस्कृतिक डबली’ तिनाउ गाउँपालिकालाई हस्तान्तरण गरिएको छ। लुम्बिनी प्रदेश सरकारको लगानीमा साढे दुई वर्षअघि तिनाउ–२ स्थित नुवाकोटमा निर्माण भएको थियो।

प्रदेश सरकारको तीन करोड ८४ लाख ९५ हजार ५२६ रुपियाँमा निर्माण भएको डबली प्रदेश सरकारमातहत उद्योग पर्यटन तथा यातायात मन्त्रालयले गाउँपालिकालाई हस्तान्तरण गरेको हो। डबली निर्माणसम्पन्न भएपछि यसको सम्पूर्ण रेखदेख र सञ्चालन गर्न भनी तिनाउ गाउँपालिकाले मागेको थियो। निर्माणसम्पन्न भएर अलपत्र रहेको डबली सञ्चालनको जिम्मा तिनाउ गाउँपालिकाले पाएको अध्यक्ष प्रेम श्रेष्ठले जानकारी दिनुभयो।

मन्त्रालयले तिनाउ गाउँपालिकालाई १० वर्षका लागि डबली सञ्चालनको जिम्मेवारीसहित हस्तान्तरण गरेको अध्यक्ष श्रेष्ठले बताउनुभयो। हस्तान्तरण सम्झौतामा डबलीको नियमित रेखदेख, संरक्षण, मर्मतसम्भार र कार्यक्रम व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी गाउँपालिकाले लिने उल्लेख छ। यस्तै डबलीमा लुम्बिनी प्रदेशको पहिचान झल्किने लोकसंस्कृति, मौलिक लोकगीत, लोकनृत्य र जातजातिका सांस्कृतिक सम्पदाको प्रदर्शन गर्नुपर्ने छ।

सामाजिक जागरणका अभियान, कुसंस्कार र अन्धविश्वासविरुद्धका कार्यक्रम तथा युवापुस्तालाई आफ्नो संस्कृतिबारे प्रशिक्षित गर्ने कार्यशालासमेत डबलीभित्र गर्न सकिने अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो। डबली सञ्चालनको जिम्मेवारी पाएपछि तिनाउलाई सांस्कृतिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने गाउँपालिकाले जनाएको छ।

तिनाउ गाउँपालिकाले डबली सञ्चालनका लागि स्थानीय तहको संयोजकत्वमा सरोकारवाला निकाय र संस्कृतिविद्हरू सम्मिलित एक सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्ने जनाएको छ। समितिले दैनिक, मासिक र वार्षिक कार्यतालिका बनाएर राष्ट्रिय पर्व तथा सांस्कृतिक चाडपर्वमा विशेष कार्यक्रमहरू आयोजना गर्ने छ।

प्रमुख प्रशासकीय अधिकृत दिनेश सारूले पूर्वाधार व्यवस्थापन अन्तर्गत ध्वनि, प्रकाश, सुरक्षा, शौचालय र खानेपानी जस्ता सुविधाको उचित प्रबन्ध गाउँपालिकाले मिलाउनुपर्ने सम्झौतामा उल्लेख रहेको जानकारी दिनुभयो।

# स्थानीय तह सामाजिक सुरक्षा कोषमा जोडिँदै

**रेसुङ्गा समाचारदाता**
*रेसुङ्गा (गुल्मी), चैत २० गते*

गुल्मीका दुई स्थानीय तहले सामाजिक सुरक्षा योजनामा जोडिन सम्झौता गरेका छन्। सामाजिक सुरक्षा कोषले सञ्चालन गर्ने योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालनका लागि धुर्कोट र रुरुक्षेत्र गाउँपालिकाबिच समझदारीपत्रमा हस्ताक्षर भएको छ। मुसीकोट नगरपालिका र कालीगण्डकी गाउँपालिकाले भने आगामी वर्षबाट सम्झौता गर्ने जनाएका छन। नेपालको संविधानमा प्रत्येक श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने उल्लेख छ। धुर्कोट गाउँपालिकाले अहिले करारका कर्मचारी, नगर प्रहरी, विद्यालय कर्मचारी र बालविकास सहयोगीलाई कोषमा जोड्ने र बिस्तारै कृषक उद्यमीलाई पनि कोषमा आबद्ध गराउने गरेर सम्झौता गरेको धुर्कोट गाउँपालिका अध्यक्ष भूपाल पोख्रेलले जानकारी दिनुभयो।

रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीका अनुसार सामाजिक सुरक्षाको विषय गाउँपालिकाको चालु बजेटमै समावेश गरिएको थियो। अहिले करार कर्मचारी, विद्यालय कर्मचारी, नगर प्रहरी, बालविकास सहयोगी कोषमा आबद्ध हुने छन्। आगामी वर्षमा कृषक, सहकारी तथा प्रालिमा रहेकालाई पनि कोषमा आबद्ध गर्दै लैजाने ज्ञवालीले बताउनुभयो। समझदारीपत्रमा सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कविराज अधिकारी र धुर्कोट गाउँपालिका अध्यक्ष भूपाल पोखेल तथा रुरुक्षेत्र गाउँपालिका अध्यक्ष यदु ज्ञवालीबिच हस्ताक्षर भएको छ।

# दुई बिचौलिया पक्राउ

**बुटवल समाचारदाता**
*बुटवल, चैत २० गते*

रुपन्देहीको बुटवलस्थित यातायात व्यवस्था कार्यालयआसपास क्षेत्रमा सेवाग्राहीलाई छिटो ट्रायल गराइदिने प्रलोभन देखाएर अतिरिक्त शुल्क असुल्दै आएको आरोपमा प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएको छ।

इलाका प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरी टोलीले बुटवल उपमहानगरपालिका–१३, जितगढी क्षेत्रमा सञ्चालन भइरहेको बिचौलिया गतिविधिमाथि निगरानी गर्ने क्रममा उनीहरूलाई नियन्त्रणमा लिएको हो। पक्राउ पर्नेमा कपिलवस्तुको शिवराज नगरपालिका–३, खरेन्द्रपुरका २५ वर्षीय सरोज खनाल र गुल्मी रेसुङ्गा नगरपालिका–९ स्थायी घर भई हाल बुटवल–१३, बेलबास बस्दै आएकी ३७ वर्षीय कुसुम मरासिनी रहेका छन्।

# विपत् उद्धारसम्बन्धी अभ्यास

**तौलिहवा समाचारदाता**
*तौलिहवा (कपिलवस्तु), चैत २० गते*

कपिलवस्तुको यशोधरा गाउँपालिका–८, खोरियामा विपत् उद्धारसम्बन्धी कृत्रिम घटना अभ्यास गरिएको छ। सशस्त्र प्रहरी बल डङ्गीले बाढीको पूर्वतयारी स्वरूप विपत् जोखिम पूर्वतयारीको प्रयोगात्मक अभ्यास गराएको हो। यशोधराका खोरिया, बेलसापुर क्षेत्र बर्खायाममा बाढी र कटानको उच्च जोखिममा रहँदै आएको छ।

खोरियागाउँ विगतदेखि नै नदी कटानका कारण जोखिममा रहेकाले प्राकृतिक विपत्ति अन्तर्गत बाढी र नदी कटानबारेमा खोज तथा उद्धार पूर्वतयारीस्वरूप विपत् जोखिम पूर्वतयारीको प्रयोगात्मक अभ्यास गराइएको सशस्त्र प्रहरी वरिष्ट हबलदार टङ्कबहादुर थापाले बताउनुभयो।

यशोधरा गाउँपालिका–७ का वडाध्यक्ष चन्द्रप्रकाश दुबेले प्राकृतिक विपत्बाट पालिकावासीलाई जोगाउन तथा उद्धार र राहतका लागि पालिकाले प्राथमिकताका साथ काम गरिरहेको बताउनुभयो।


**वर्गीकृत डिस्प्ले**

**माइग्रेसन सर्टिफिकेट हरायो**

मिति २०८२ फागुन ४ गते सातोबाटोदेखि बालकुमारीसम्म जाँदा मेरो माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनहुने महानुभावले नजिकको प्रहरी चौकी वा फोन नं. ९८४३१०२५०४ मा खबर गरी दिनुहोला।

**रजिस्ट्रेसन नं.** : ८१२१८००६०१३६
**नाम थर** : Rabiya Khatun
**ठेगाना** : सातोबाटो, ललितपुर

**शिलबन्दी दरभाउपत्र आव्हान**

**प्रकाशित मिति २०८२/१२/२१**

यस क्याम्पसमा संचालित वि.वि.ए. कार्यक्रम आठौं सेमेष्टर (२०८७) मा अध्ययन गर्ने छात्राहरूको Farewell कार्यक्रममा सहभागीहरूलाई खाने, बस्ने व्यवस्था गर्नुपर्ने भएको हुँदा सोका लागि नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म तथा व्यवसायीबाट सूचना प्रकाशित भएको मितिबाट १५ दिन भित्रमा शिलबन्दी दरभाउपत्र खरिद गरी पेश गर्नुहुन सूचित गरिएको छ । विस्तृत जानकारी यस क्याम्पसको सूचना पाटिमा टाँस गरिएको छ ।

**क्याम्पस प्रमुख**
**पद्मकन्या बहुमुखी क्याम्पस**
बागबजार

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रकाशन मिति : २०८२ चैत २१ गते**

रेड पाण्डा नेटवर्कको सहयोगमा श्री दीप ज्योति युवा क्लब पाँचथर र परियोजना कार्यालय इलामलाई निम्न विवरण अनुसारका सामानहरू आवश्यक भएको हुँदा सम्बन्धित विषयमा कारोबार/सेवा प्रवाह गर्न स्वीकृति प्राप्त गरेका इच्छुक दर्ता भएका फर्म/कम्पनीहरूबाट सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।
यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र २०८२/१२/२८ गतेसम्म यस संस्थाको कार्यालय फिदिम नगरपालिका–१, फिदिममा सिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैमा जानकारी गराइन्छ । यदि बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बेलुका ५.०० बजेभित्र बोलपत्र दाखिल गरिसक्नुपर्नेछ ।

**आपूर्ति गर्नुपर्ने सामग्रीहरू**

| S.N. | Items of Works | Ilam | Panchthar | Unit Qty |
|---|---|---|---|---|
| 1 | Fencing Mesh wire (chain-link), 3 Inch Holes, Heavy GI Coated Type, 10 Gauge (Height 4ft and 10 meter per roll) | 4,240 | 13,996 | Kg |
| 2 | MS Angle post, 5mm thickness including 3 nos. of nut bolts with holes and with 1.5 inch angle (2 cm flat metal पत्ती) | 2,646 | 8,732 | Kg |
| 3 | Nuts-Bolts | 280 | 231 | Kg |

**सामग्री जम्मा गर्नुपर्ने स्थान**

| | | |
|---|---|---|
| फिक्कल इलाम | 50% | Mesh-wire - 2,120 Kg; Angle post - 1,323 Kg; Nuts-Bolts - 140 Kg |
| इलाम बिल्प्याँटे | 50% | Mesh-wire - 2,120 Kg; Angle post - 1,323 Kg; Nuts-Bolts - 140 Kg |
| पौवा भञ्ज्याङ पाँचथर | 45% | Mesh-wire - 6,360 Kg; Angle post - 3,969 Kg; Nuts-Bolts - 105 Kg |
| फिदिम पाँचथर | 55% | Mesh-wire - 7,636 Kg; Angle post - 4,763 Kg; Nuts-Bolts - 126 Kg |

**आवश्यक कागजातहरू**

क) दरभाउ आशय पत्रको सक्कल प्रति ।
ख) फर्म कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
ग) स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
घ) पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

थप जानकारीका लागि संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**श्री दीप ज्योति युवा क्लब, चौतारेडाँडा, फिदिम, पाँचथर**
**सम्पर्क : ९८४२७७६७९९**

**शिलबन्दी दरभाउपत्र आव्हान**

**प्रकाशित मिति २०८२/१२/२१**

यस क्याम्पसमा संचालित वि.सि.ए. कार्यक्रम पाँचौ सेमेष्टरमा अध्ययन गर्ने छात्राहरूको नेपाल भित्रका विभिन्न स्थानहरूको शैक्षिक अवलोकन भ्रमणमा लैजानु पर्ने भएको हुँदा उक्त भ्रमणमा सहभागीहरूलाई खाने, बस्ने तथा यातायातको आवश्यक व्यवस्था गर्नुपर्ने भएको हुँदा सोका लागि नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म तथा कम्पनीहरूबाट सूचना प्रकाशित भएको मितिबाट १५ दिन भित्रमा शिलबन्दी दरभाउपत्र खरिद गरी पेश गर्नुहुन सूचित गरिएको छ । विस्तृत जानकारी यस क्याम्पसको सूचना पाटिमा टाँस गरिएको छ ।

**क्याम्पस प्रमुख**
**पद्मकन्या बहुमुखी क्याम्पस**
बागबजार

**भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौँबाट जारी भएको काठमाडौँ जिल्ला, तारकेश्वर न.पा. वडा नं. ०६ धर्मस्थली बस्ने ज.ध. रामलाल श्रेष्ठका नाउँको उपस्थित हुन आउने बारेको विशेष अदालत ऐन, २०५९ को दफा १० (९) बमोजिम म्याद सरहको ३० (तीस) दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशित मिति: २०८२।१२।२१**

यसमा काठमाडौँ जिल्ला, काठमाडौँ धर्मस्थली, गा.वि.स. वडा नं. ४ क कि.नं. २०१, २०२ र १०८ क्षे.फ. ०–८–०, १–३–१ र ०–८–० को जग्गामध्ये कि.नं. २०१ को पूरै जग्गा मोहीको भागमा कि.नं. २०२ को पश्चिम तर्फबाट मोहीको भागमा आधा र पूर्व तर्फबाट क्षे.फ. ०–९–२–१/२ ज.ध.का भागमा र कि.नं. १०८ पूरै जग्गा ज.ध.का भागमा हुने गरी जग्गा बाँडफाँट तथा मोहीको लगत कट्टा समेत गरी पाऊँ भन्ने व्यहोराको मोही राजमान सुनारको निवेदन उपर तपाईं ज.ध. का नाम र ठेगानामा खोज तलास गर्दा फेला नपरेको र सम्बन्धित वडा कार्यालयबाट समेत म्याद टाँस हुन नसकेको भनी तामेलदारको प्रतिवेदन सहित म्याद फिर्ता भएको देखिँदा निवेदकको माग बमोजिम भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६ (घ) बमोजिम जग्गा बाँडफाँट हुनुनपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएका मितिले ३० (तीस) दिनभित्र आफूसँग भएको सबुद प्रमाण तथा प्रतिउत्तर सहित यस कार्यालयमा हाजिर हुन आउनुहोला नआए कानून बमोजिम जग्गा बाँडफाँट तथा मोही लगत कट्टा भइजाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**
**गजेन्द्र नारायण सिंह अस्पताल**
**राजविराज, सप्तरी**

**प्राविधिक प्रस्ताव स्वीकृति/आर्थिक प्रस्ताव खोल्ने सूचना**

**सूचना प्रकाशित मिति : २०८२।१२।२० गते**

उपरोक्त सम्बन्धमा यस अस्पतालबाट मिति २०८२।०९।१६ गते राष्ट्रिय नागरिक दैनिक पत्रिका तथा www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना Procurement of Drugs and Surgical items (GNSH/SAPTARI/GOODS/NCB-11, 12/082/083) अनुसार मिति २०८२।१०।१८ गते खोलिएका प्राविधि प्रस्तावहरू मूल्याङ्कन गर्दा तपसिल अनुसार बोलपत्र दाता प्राविधि प्रस्ताव मूल्याङ्कनमा उत्तीर्ण भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ क नियम ३१(ज) अनुसार निम्न मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | Contract Identification No. | Name of Contract | Contractor Name and Address | आर्थिक प्रस्ताव खोल्ने मिति |
|---|---|---|---|---|
| 1. | GNSH/SAPTARI/GOODS/NCB-11/082/83 | Procurement of supply and delivery of surgical goods | 1. G.H. Medihealth Concern Pvt. Ltd., Lokenthali, Bhaktapur.<br>2. Lave Medical, Jaleshwor-4, Mahottari. | मिति: २०८२।१२।२६ गते<br>समय: दिउँसो १:०० बजे<br>स्थान : गजेन्द्र नारायण सिंह अस्पताल, सप्तरी |
| 2. | GNSH/SAPTARI/GOODS/NCB-12/082/83 | Supply and Delivery of Stationary drugs items | 1. G.H. Medihealth Concern Pvt. Ltd., Lokenthali, Bhaktapur.<br>2. Lave Medical, Jaleshwor-4, Mahottari.<br>3. GosaikundaMedicine Suppliers Pvt. Ltd., Ktm | |

**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भकुण्डेवेशी, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल**

**बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशन मिति : २०८२/१२/२१**

यस नगरपालिकाबाट निम्न योजनाहरूका लागि e-bid मार्फत बोलपत्र आह्वान गरिएको हुँदा इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३१औँ दिनको १२:०० बजेभित्र बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। विस्तृत विवरण सहितको सूचनाका लागि www.bolpatra.gov.np/egp, तथा यस कार्यालयको वेबसाइट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ।

**तपसिल**

| ठेक्का नं. | कार्यको विवरण | लागत अनुमान भ्याट सहित | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| NMUN/NCB/WORKS/18/082/83 | Construction of Buchchakot Water Supply Project (Deep Boring Works) | NRs.33,49,336.89 | NRs. 87,000.00 | NRs. 3,000.00 |
| बैंक खाता नं. | Name of the Bank: Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch<br>Office Name: Namobuddha Municipality Office<br>Office Code: 801032602<br>Rajaswo Shirshak: 14219<br>Rajaswo (revenue) account no (for bid fee): Ga-1-1-1540100301010002<br>Dharauti Account No. (For Bid Security): Ga-3-1540100303000002 | | | |

**बढुवा समितिको सचिवालय**
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सूचना**

(प्रकाशित मिति २०८२/१२/२१ गते)

लोक सेवा आयोगको देहायको बढुवा सूचना नं., सेवा, समूह र श्रेणीको रिक्त पदमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि बढुवा समितिको मिति २०८२/१२/२० को निर्णयानुसार देहाय बमोजिमको योग्यताक्रमका उम्मेदवारलाई बढुवाको लागि सिफारिश गर्ने निर्णय भएकोले निजामती सेवा ऐन, २०४९ को दफा २४च.को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

ब. सू. नं. २८४-०८२/८३, नेपाल विविध सेवा, कम्प्यूटर अपरेटर, राजपत्र अनंङ्कित प्रथम श्रेणी

| यो.क्र.नं. | क.सं.नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १ | २३४६९७ | पदम महरा |
| २ | १५८३२८ | राजन भुजेल |
| ३ | २४५५०२ | राज कुमार योगी |
| ४ | २४५६८८ | कमला श्रेष्ठ |
| ५ | २४६९४१ | रोशन गिरी |
| ६ | २४९५८६ | प्रेम कुमार यादव |

ब. सू. नं. २८७-०८२/८३, नेपाल विविध सेवा, कम्प्यूटर टेक्निसियन, राजपत्र अनंङ्कित प्रथम श्रेणी: कुनै पनि उम्मेदवारको दरखास्त नपरेको।

ब. सू. नं. २८८-०८२/८३, नेपाल विविध सेवा, प्रमुख शिक्षक (सिलाई), राजपत्र अनंङ्कित प्रथम श्रेणी: कुनै पनि उम्मेदवारको दरखास्त नपरेको।